# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
# Communist Party of Nepal (Maoist Center)
## बागमती प्रदेश समिति
## Bagmati Province Commitee

## शोक बक्तव्य !

हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बागमती प्रदेश समितिका उपाध्यक्ष, संविधानसभा सदस्य एवं बागमती प्रदेश सभा सदस्य मा. प्रेम बहादुर पुलामी (क.छिन्तु) को ममतामयी आमा तथा हाम्रो पार्टीको केन्द्रीय सदस्य क.प्रमिला लामा पुलामीको सासुआमा रत्न कुमारी पुलामीको मिति २०८१ साल असार ३ गते दिउँसो २ बजे निधन भएको खबरले हामी अत्यन्तै मर्माहत भएका छौं ।

मकवानपुर जिल्ला बागमती गाउँपालिका वडा नं ६ खाडी खोलामा वि.सं. १९९७ साल चैत्र ३ गते जन्मनु भएकी रत्न कुमारी पुलामी २०४८ साल देखि निरन्तर पार्टी सदस्य एवं सिंगो पार्टीको अविभावक हुनुहन्थ्यो । उहाँले महान् जनयुद्धको समयमा खेल्नु भएको भुमिका र योगदान अविस्मरणिय रहेको छ । ३ छोराहरु क.टेक बहादुर पुलामी, क. प्रेम बहादुर पुलामी र क.कमल बहादुर पुलामी, तथा ३ छोरीहरुको ममतामयी आमा क्रान्तिकारी आन्दोलनको प्रेरणाको स्रोत हुनुहन्थ्यो । क. प्रेम बहादुर पुलामी (क.छिन्तु) लगायत सिंगो पार्टीले प्रेरणादायी अभिभावक गुमाएका छौं ।

दु:खको यस घडीमा हाम्रो पार्टी आदरणीय आमाको प्रेरणादायी विचारको स्मरण गर्दै उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछौं । साथै शोकाकुल परिवारमा धैर्यता र शाहस आर्जनको कामनासहित गहिरो समवेदना व्यक्त गर्दछ ।

**मिति : २०८१ असार ४ गते मंगलवार,**

**क. सरल सहयात्री**
**अध्यक्ष**
**नेकपा (माओवादी केन्द्र) बागमती प्रदेश**

**क.अग्नी प्रसाद सापकोटा**
**ईन्चार्ज**
**नेकपा (माओवादी केन्द्र) बागमती प्रदेश**